# मूल्य अभिवृद्धि कर, २०५२



# परिचय

- वस्तु वा सेवामा लाग्ने अप्रत्यक्ष कर ।
- उत्पादन तथा वितरण प्रक्रिया अन्तर्गत विभिन्न मूल्य अभिवृद्धिमा लाग्ने ।
- करको अवधारणा कर कट्टीको माध्यमले व्यवहारमा लागु भएको ।
- १३% र ०%
- ० % लाग्ने अनुसूची-२ मा छ भने, कर नलाग्ने वस्तु वा सेवा अनुसूची-१ मा दिइएको छ।

## दर्ता हुनुपर्ने व्यक्ति

कुनै व्यक्तिले कारोबार गरेको वस्तु वा सेवामा मू.अ. कर लाग्ने भएमा वा तोकिएका करोबार गरेमा त्यसरी कर लागेको वा कारोबार सञ्चालन गरेको मितिले ३० दिनभित्र त्यस्तो कारोबार मू.अ. कर दर्ताको लागी तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

## दर्ता गराउनु नपर्ने

मू.अ. कर ऐनको अनुसूची १ मा उल्लिखित कर छुट हुने वस्तु वा सेवाको मात्र कारोबार गर्ने व्यक्तिले दर्ता गराउनु पर्ने छैन ।

# अनिवार्य VAT दर्ता (Compulsory VAT registration)

१. दफा १०(२) मा तोकिएको कारोबारका प्रकार र कारोबारको स्थलका आधारमा

२. Threshold को आधारमा (नियम ६, मूल्य अभिवृद्धि कर नियमावली, २०५३)

- वस्तुको स्थानीय कारोबारको हकमा वार्षिक ५० लाख रुपैया कारोबार गर्ने व्यक्ति ।
- सेवाको हकमा रु २० लाख भन्दा बढीको बार्षिक करयोग्य गर्ने व्यक्ति ।
- वस्तु तथा सेवा दुबैको मिश्रीत कारोबार गर्ने हकमा रु २० लाख भन्दा बढीको बार्षिक करयोग्य कारोबार गर्ने व्यक्ति ।

# स्वेच्छिक भ्याट दर्ता (Voluntary Registration)

मू.अ. कर ऐनको दफा ९ बेमोजिम सानो कारोबार गर्ने व्यवसायीको हकमा तोकिएको रकमसम्मको वार्षिक कर लाग्ने कारोबार गर्ने साना व्यवसायीलाई दर्ता गर्न, विवरण पेश गर्न र अन्य प्रक्रिया पूरा गर्न नपर्ने गरी तोकिए बेमोजिम छुट दिन सकिनेछ ।

तोकिएको रकमसम्मको वार्षिक कर लाग्ने कारोबार भन्नाले,

१. मू.अ. कर लाग्ने वस्तुको स्थानीय कारोबारको हकमा वार्षिक कर रु ५० लाखसम्म,

२. मू.अ. कर लाग्ने सेवाको स्थानीय कारोबारको हकमा रु २० लाखसम्म,

३. मू.अ. कर लाग्ने वस्तु र सेवा दुबैको स्थानीय कारोबारको हकमा रु २० लाखसम्म ।

## अस्थायी भ्याट दर्ता (Temporary Registration)

अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा अन्य यस्तै कारोबारको हकमा

१. कारोबार शुरु हुनु भन्दा अगावै आयोजक तथा सो आयोजनामा कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने मू.अ. करमा दर्ता नभएका व्यवसायी मू.अ. करमा दर्ता हुनु पर्नेछ ।

२. आयोजना गर्ने प्रदर्शनी, मेला समाप्त भएको ७ दिन भित्र कारोबारको विवरण पेश गरी अस्थायी दर्ता खारेज गर्नुपर्नेछ ।

# कर विवरण

- कर रकम स्वयं निर्धारण गरी महिनाको समाप्तको पच्चीस दिनभित्र ।
- हुलाक रजिष्ट्री वा विद्युतीय माध्यमबाट तोकिए बमोजिम ।
- तोकिए बमोजिम करदाताले एक महिनाभन्दा कम वा बढी अवधिको कर विवरण पेश गर्न सक्ने ।

# VAT को दर्ता खारेज

१. संगठित संस्था बन्द, विक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्तो संगठित अस्तित्व कायम नरहेमा,

२. व्यक्तिगत स्वामित्व, साझेदारी संस्था भएको व्यक्तिको मृत्यु भएमा, विघटन भएमा,

३. दर्ता भएका व्यक्तिले कर लाग्ने कारोबार गर्न छोडेमा,

४. भूलवश दर्ता भएकोमा,

५. स्वेच्छिक भ्याट दर्ता भएको एक वर्ष पूर्ण नभएसम्म

# कर लाग्ने मूल्य

कर लाग्ने मूल्यमा देहायका रकमहरु समावेश हुनेछन् :

१. कारोबारको सिलसिलामा आपूर्तिकर्ताले व्यहोरेको ढुवानी र वितरणसम्बन्धी खर्चहरु र नाफाको रकम,

२. मू.अ. कर बाहेक अन्त शुल्क, स्वामित्व शुल्क र अन्य कर रकम (महसुल, दस्तुर र शुल्क),

३. डिस्काउण्ट, कमिसन वा यस्तै अन्य व्यापारिक छुटको रकमलाई कर लाग्ने मूल्यमा समावेश नगरिने,

४. मूल्य अभिवृद्धि कर बाहेक ढुवानी, बिमा, एजेण्ट र अन्य व्यक्तिहरुको कमिसन आदि समेतको पैठारी मूल्य, पैठारी महसुल, समीकारक महसुल र पैठारीमा लाग्ने अन्य कुनै कर भए सो समेत जोडने,

५. कुनै वस्तु वा सेवाको मूल्य प्रचलित बजार मूल्यभन्दा ज्यादै कम देखिएमा त्यस्तो वस्तु वा सेवाको बजार मूल्य,

# तिरेको कर कट्टी दाबी गर्न सकिने अवस्थाहरु

- १. सामान्य खरिद तथा खर्चहरु
- २. करयोग्य र करछुट भएका वस्तु वा सेवा दुवैको कारोवार गरेको अवस्थामा
- ३. नोक्सान भएको अवस्थामा
- खरिद गरेको मितिले एक वर्ष भित्रमा कर क§ी दाबी गर्नु पर्ने
- दर्ता हुनु भन्दा अघि कर तिरी खरिद गरेको केही सामान मौज्दातमा छ, त्यस्तो सामानको कर दाबी गर्न मिल्छ

# तिरेको कर कट्टी दाबी गर्न नमिल्ने अवस्थाहरु

- दर्ता नभएका व्यक्तिबाट खरिद गरेको सामानको कर कट्टी दाबी गर्न नमिल्ने

- देहाय बेमोजिमका वस्तु तथा सेवाहरुमा तिरेको कर कट्टी दाबी गर्न नमिल्ने

१. पेय पदार्थ,

२. अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ जस्तै रक्सी, वियर,

३. पेट्रोलियम

४. मनोरन्जन खर्च

५. व्यवासायिक र व्यक्तिगत दुवै प्रयोजनको लागी प्रयोग हुन सक्ने अटोमोबाइल खरिदमा खरिद मूल्यको ६०% कर कट्टी दाबी गर्न पाइदैन ।

# अभिलेख राख्नु पर्ने विवरणहरु

- व्यापार, लेखा, नगद प्राप्ती र भुक्तानी सम्बन्धी
- आफुले जारी गरेको कर बिजक तथा संक्षिपत कर बिजकहरुको दोस्रो र तेस्रो प्रति
- आफुले प्राप्त गरेका कर बिजक तथा संक्षिपत कर बिजकहरु
- आयात निर्यातसगँ सम्बन्धित कागजातहरु
- डेबिट तथा क्रेडिट नोट र अन्य तत् सम्बन्धी कागजातहरु
- अनुसूचि ८ र अनुसूचि ९ मा उल्लेख भए बेमोजिमका खरिद र बिक्रीसंग सम्बन्धित लेखा खाताहरु र विवरणहरु

## बीजक दिनु पर्ने

- दर्ता भएको व्यक्तिले वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनु पर्छ ।
- रु १०,००० भन्दा बढीको कर लाग्ने विभागले तोकेको क्षेत्र बाहिर ढुवानी गर्नेले कर बीजक साथमा राख्नु पर्छ ।

# कर बीजक

- कर देखिने बिल
- प्रत्येक बीजक तिन प्रति हुनुपर्छ
- कर बीजक सिरियल नम्बर १ बाट शूरु गर्नुपर्दछ
- संक्षिप्त कर बीजक (Abbreviated tax invoice) बीजक करसहितको मूल्य रु. १०,००० भन्दा बढीको जारी गर्न मिल्दैन ।

# डेबिट नोट / क्रेडिट नोट (Debit Note / Credit Note)

डेबिट नोट / क्रेडिट नोट जारी गर्नु परेमा त्यस्तो नोटमा स्पष्टसंग डेबिट नोट / क्रेडिट नोट लेखी देहायका कुराहरु खुलाउनु पर्नेछ :

- क्रमागत संख्या
- जारी भएको मिति
- आपूर्तिकर्ताको नाम, ठेगाना र दर्ता नम्बर
- प्रापकको नाम, ठेगाना र निज दर्ता भएको व्यक्ति भएमा दर्ता नम्बर
- कारोबारसंग सम्बन्धित कर बिजकको संख्या र मिति
- वस्तु वा सेवाको विवरण र क्रेडिट वा डेविटको कारण
- क्रेडिट वा डेविट भएको रकम
- क्रेडिट वा डेविट भएको करको रकम

# कर अधिकृतले कर निर्धारण गर्न सक्ने अवस्थाहरु

१. म्यादभित्र कर विवरण पेश नगरेमा,

२. अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेमा,

३. झुट्टा कर विवरण पेश गरेमा

४. करको रकम कम देखाएको वा ठीक नभएको कर अधिकृतलाई विश्वास भएमा

५. आपूर्ति मूल्यमा न्यून बिजकीकरण गरेको कर अधिकृतलाई विश्वास भएमा

६. न्यून बिजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा

७. दर्ता हुनु पर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोबार गरेमा

८. बिजक जारी नगरी बिक्री गरेमा

९. दर्ता नभएको व्यक्तिले कर उठाएमा

१०. ८(२) वा (३) बमोजिम कर दाखिला नगरेमा ।

११. १७(४) को अवस्था विद्यमान भएमा ।

# VAT फिर्ता हुने अवस्थाहरु

- महिनाभरीको कूल विक्रिमध्ये ४०% भन्दा बढी निर्यात विक्रि गर्ने निकासीकर्ताले खरिदमा तिरेको कर
- ६ महिनासम्म मिलान हुन नसकेको कर
- कुटनीतिज्ञ वा कुटनीतिक नियोगले स्थानीय बजारमा कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको कर
- भूलबाट असुल गरिएको रकम
- नेपाल सरकार, अर्थ मन्त्रालयबाट कर छुटको सुबिधा प्रदान गरेको अन्तराष्ट्रिय संस्थाले तिरेको रकम

नेपाल सरकार, अर्थ मन्त्रालयबाट कर छुटको सहमति प्राप्त दुई वा बहुपक्षीय सम्झौता बमोजिम नेपाल अधिराज्यभित्र आयोजना संचालन गर्ने सिलसिलमा तिरेको रकम

नेपाल भ्रमण गरी हवाई मार्गबाट फर्कने विदेशी पर्यटकले रु. २५,००० भन्दा बढीको कर लाग्ने वस्तु खरिद गरी आफुसंग लगेमा त्यस्तो वस्तुमा तिरेको कर

# ढण्ड तथा जरीवाना

| क.सं. | विवरण | दण्ड तथा जरीवाना |
|---|---|---|
| १ | मू.अ.कर दर्ता गर्नु पर्नेले दर्ता नगरेमा । | प्रत्येक कर अवधिको निमित्त रु. १०,००० |
| २ | दर्ताको प्रमाण पत्र देखिने स्थानमा नराखेमा । | पटकै पिच्छे रु. १,००० |
| ३ | करपाटी नराखेमा वा तोकिएको (ठाउँ देखिने स्थान) मा करपाटी नराखेमा । | पटकै पिच्छे रु. २,००० |
| ४ | दर्ता भएको व्यापारीले बीजक नदिएमा र १०,००० रुपैयाँ भन्दा बढीको कर लाग्ने वस्तु विभागले तोकेको क्षेत्र वाहिर ढुवानी गर्नेले कर बीजक साथमा नराखेमा । | प्रत्येक पटक रु. ५,००० |
| ५ | दर्ता नभएको व्यक्तिले कर असुल गरेको, कुनै कर बिजक जारी गरेमा वा कर संकलन गरेमा वा कर संकलन गरेको कुनै कागजात जारी गरेमा । | त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल गरिने र उठाएको रकमको शत प्रतिशत जरिवाना। |
| ६ | लेखा अद्यावधिक नराखेमा । | रु. १०,००० |
| ७ | कारोबारको लेखा निरीक्षण गर्न नदिएमा । | पटकै पिच्छे रु.२०,००० |
| ८ | लेखामा कारोवारको तोकिएको विवरण नराखेमा | रु. ५,००० सम्म |
| ९ | खरिद तथा विक्री खाता कर अधिकृतद्वारा प्रमाणित नभएमा र लेखा तोकिएको अवधिसम्म सुरक्षित नराखेमा | रु. १०,००० |
| १० | कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने दर्ता नभएका व्यक्तिले प्रत्येक आर्थिक वर्षको लागि खरिद बिक्री खाता आफैले प्रमाणित गरी नराखेमा । | प्रत्येक पटक रु. १,००० |
| ११ | कम्प्यूटर बिलिङ गर्न स्वीकृति लिएको वा स्वीकृति नलिएको करदाताले तथ्याङ्क मेट्न वा सच्याउन सकिने सफ्टवेयर प्रयोग गरेको पाइएमा । | रु. ५ लाख |
| १२ | तोकिएको अवधि भित्र कर विवरण नबुझाएमा | करको प्रतिदिन ०.०५% वा प्रति कर अवधि रु. १,००० मध्ये जुन बढी हुन्छ सो रकम । |
| १३ | जाँच तथा परीक्षण कार्यमा बाधा विरोध गरेमा | पटकै पिच्छे रु. ५,००० |
| १४ | न्यून विजकीकरण गरी विजक काटेको पाइएमा । | प्रत्येक विजकको लागि रु. २,००० वा उपदफा (२) बमोजिम लाग्ने जरिवाना मध्ये जुन बढी हुन्छ सो रकम । |
| १५ | ऐन अन्तर्गत बनेको नियम पालना नगरी करको दायित्व घटाएमा । | विभागले तोकेको आधारमा कर बिगोको २५% सम्म । |
| १६ | कुनै करदाताको मौज्दात परीक्षण गर्दा खरीद खातामा उल्लेख भएकोभन्दा बढी बस्तु मौज्दात फेला परेमा । | त्यस्तो बस्तुको आम्दानी बाँध्न लगाई त्यसरी बढी फेला परेको बस्तुको बजार मुल्य कायम गरी सो मूल्यको ५०% ले हुने रकम । |
| १७ | *वस्तु तथा सेवाको हस्तान्तरण नगरी बीजक मात्र जारी गरेमा ।* | *जारी बीजक मूल्यको ५०% । यस आ.व.मा थपिएको ।* |
| १८ | कर अधिकृतले निरिक्षण गरेको समयमा खरिद, बिक्री बिजक खातामा प्रविष्ट नगरेको पाइएमा । | रु.१०,००० |
| १९ | रु. ५००० भन्दा बढीको संक्षिप्त कर बीजक जारी गरियो भने । | रु.१०००० |
| २० | झुठा लेखा वा विजक वा अन्य कागजात तयार गरेमा, जालसाजी गरी कर छलेमा, दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा, न्यून बीजकीकरण गरी कुनै बस्तु बिक्री गरेमा र कर कार्यालयले कारोवार निलम्बन गर्दा पनि कारोवार गरेमा । | कर बिगोको शतप्रतिशत रकम जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय । |
| २१ | लगातार ६ महिनासम्म कर विवरण पेश नगरेमा | करदाताको नाम सार्वजनिक गरिने तथा त्यस्तो करदाताको कर कट्टी गर्नुपर्ने रकम बाँकी भए रोक्का राख्न र निजको दर्ता समेत निलम्वन गर्न सकिने । |
| २२ | म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा | वार्षिक १०% का दरले थप दस्तुर लाग्नेछ |
| २३ | कुनै कसुर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गर्ने वा सहायता दिने वा दुरुत्साहन गर्ने वा सल्लाह दिने मतियारलाई । | त्यस्तो व्यक्तिले घटी तिरेको करको ५०% रकम । |
| २४ | बुझाउनु पर्ने कुनै रकम म्यादभित्र दाखिला नगरेमा । | त्यस्तो म्याद नाघेको मितिदेखि बुझाउन बाँकी रकममा १५% का दरले ब्याज लाग्नेछ । त्यस्तो ब्याज प्रशासकीय पुनरावलोकन र पुनरावेदनको लागि निवेदन दिएको |

# Thank You